नेपाल सरकार

# राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

मिति २०८२।७।३०

## सन्दर्भः २१ औं राष्ट्रिय कफी दिवस

२०८२ मंसिर १, काठमाण्डौ

प्रिय पत्रकार मित्रहरू,

कफी उत्पादक किसान, स्टेट, उद्योग, विक्रेता, कफी उपभोक्ता र कफीलाई माया गर्ने सबै नेपालीहरूको राष्ट्रिय पर्वको रूपमा रहेको "राष्ट्रिय कफी दिवस" को २१ औं संस्करण यही मंसिर १ गते राष्ट्रिय चिया तथा कफी विकास बोर्डको आयोजनामा सञ्चालन हुन गइरहेको छ । कफीसँग सरोकार राख्ने सबैले आ-आफ्नो स्थानमा हर्सोल्लासका साथ मनाउने कफी दिवसको मूल समारोह समशितोष्ण वागवानी केन्द्र, कीर्तिपुर, काठमाडौंमा मनाउने कार्यक्रम रहेको छ । यस २१ औं राष्ट्रिय कफी दिवसको मूल नारा यस प्रकार रहेको छः-

***"कफी खेती गरौं, स्वरोजगार बनौं"***

पत्रकार मित्रहरू,

मात्रात्मक रूपमा थोरै उत्पादन भए पनि नेपाली कफीले गुणस्तरका सन्दर्भमा नेपाललाई चिनाउन थालिसकेको छ । स्पेसियालिटी कफीको रूपमा नाम कमाइसकेको नेपाली कफीको माग स्वदेश तथा विदेशमा उच्च रहेको छ । केही वर्ष अघिसम्म कुलिन वर्गको मात्र पेय पदार्थको रूपमा लिइने कफी आज हरेक भान्साको शोभा बनिसकेको छ । विशेषगरी शहरी क्षेत्रमा बढ्दो कफी संस्कृतिले गर्दा कफीको आन्तरिक बजारमा पनि व्यापक वृद्धि भएको देखिन्छ । तर माग अनुसार उत्पादन वृद्धि नहुँदा विगत केही वर्षदेखि कफीको आयात निरन्तर बढिरहेको छ।

आ.व. २०८१/८२ मा नेपालमा ६४२ मे.टन ग्रीन बीन कफी उत्पादन भएको तथ्याङ्क प्राप्त भएको छ । यसै आ.व.मा भन्सार विभागको तथ्याङ्क अनुसार १४ करोड ४१ लाख बराबरको २३० मे.टन कफी नेपालमा आयात हुँदा ११ करोड ४३ लाख रूपैयाँ बराबरको ६४ मे.टन मात्रै कफी निर्यात भएको छ | नेपाली कफीले अन्तराष्ट्रिय बजारमा स्वाद र गुणस्तरको हिसाबले अन्य राष्ट्रको भन्दा बढी मूल्य प्राप्त गर्दै आएको छ | देश भित्रै पनि कफीको माग बढ्दै गइरहेकाले एकातिर आन्तरिक माग पुर्तीका लागि कफीको रोपण तथा उत्पादन वृद्धिमा सबैको ध्यान पुग्न जरुरी छ भने अर्कोतिर आयातित कफीको नियमनमा पनि सबै सरकारी निकायहरूले भुमिका खेल्नुपर्ने देखिन्छ ।

कफी किसानहरुलाई संरक्षण र प्रोत्साहन गर्दै कफी क्षेत्रमा युवा पुस्ताहरुलाई आकर्षण गरि सिमित क्षेत्रमा गरिदै आएको कफी खेतिलाई कफी स्टेटमा रुपान्तरण गर्न सकेमा मात्रै व्यवसायिक उत्पादन र आत्मनिर्भर बन्न सकिने तथ्यलाई बोर्डले प्रमुखताका साथ अगाडि बढाएको छ | २१ औं राष्ट्रिय कफी दिवस मनाईरहँदा कफी क्षेत्रमा ब्यापक रुपान्तरणको लागि संरक्षण र प्रवर्द्धनका कार्यक्रमहरु मार्फत ठूला व्यवसायिक फार्महरु स्थापनाका लागि लगानीकर्ताहरुलाई आकर्षित गर्न जरुरी छ | न्यून श्रोत साधनका बाबजुत पनि आगामी आ.व.हरूमा व्यवसायिक कफी उत्पादन बढाउन बोर्डले प्रमुखताका साथ युवा लक्षित स्टार्टअप सहयोग कार्यक्रमहरु संचालन गर्ने योजना बनाएको छ ।

केही वर्ष अघिदेखि बोर्डले व्यवसायिक उत्पादनको लागि सम्भावित प्रदेशहरुमा सम्भाव्यता अध्ययन गरि चक्लाबन्दीमा कफी क्षेत्र विस्तार, लोकमार्ग केन्द्रीत कफी डेमोन्स्ट्रेसन प्लट स्थापना, व्यवसायिक नर्सरी विरुवा उत्पादन तथा नार्कसंगको समन्वयमा अनुसन्धानात्मक प्रविधिको विकास कार्यक्रमलाई प्रमुखताका साथ अगाडी बढाएको छ | खासगरी बोर्डले तीनै तहका सरकारको विचमा एकीकृत कार्यक्रमको अवधारणा अगाडि बढाउदै उत्पादन केन्द्रित कार्यक्रमहरु संचालन गर्न स्थानीय सरकारलाई प्राविधिक सहयोग उपलब्ध गराउने, व्यवसायिक फार्महरु विस्तार, प्रसोधन उद्योग स्थापना तथा प्रवर्द्धन कार्यहरुमा प्रदेश सरकारबाट कार्यक्रमहरु संचालन गर्ने र Good Manufacturing Practice र खाद्य स्वच्छतामा आधारित ठुला प्रसोधन उद्योग स्थापना, गुणस्तर व्यवस्थापन, बजारीकरण तथा नीतिगत कार्यहरुमा बोर्ड लगायत संघीय सरकारको भूमिका रहने गरि समन्वयात्मक कार्यक्रमहरु अगाडि बढाउन बोर्डले जोड दिँदै आएको छ | ७५ औं बोर्ड बैठकको निर्णयानुसार बोर्डले ऐन तथा नीतिलाई कफी मूल्य शृंखलामा काम गर्ने सबै तप्का र संघ/संस्थाहरुको भूमिका स्पष्ट हुने गरि समय सापेक्ष सुधार गर्न संसोधन प्रक्रिया अगाडि बढाएको छ ।

## <u>कफीको न्यूनतम मूल्य निर्धारण सन्दर्भमा</u>

२०८२ मंसिर १ गतेदेखि लागु हुने गरी यस वर्षको कच्चा कफीको मूल्य गत आ.व.कै मूल्यलाई निरन्तरता दिई निम्नानुसार तोकिएको छ।

<u>फ्रेस चेरी कफी</u>

ग्रेड A रू १०५।- प्रति केजी *(नोटः- ८०० मिटरभन्दा माथि, प्राङ्गारिक पद्धती अपनाएर उत्पादन गरिएको, ठिक्क पाकेको, पानीमा राख्दा डुब्ने, केलाएर छानिएको चेरीलाई ग्रेड A मानिने छ ।)*

ग्रेड B रू ९५।- प्रति केजी *(नोटः- ग्रेड A मा नपरेका अन्य कफीलाई ग्रेड B मानिनेछ ।)*

<u>पार्चमेन्ट कफी</u>

ग्रेड A रू ५३५।- प्रति केजी *(नोटः- ग्रेड A गुणस्तरको फ्रेस चेरीबाट उत्पादन भएको, पानीमा राख्दा डुब्ने, ११% चिस्यान भएको कफी पार्चमेन्टलाई ग्रेड A मानिनेछ ।)*

ग्रेड B रू ४८२।- प्रति केजी (नोटः- ग्रेड B गुणस्तरको कफीबाट उत्पादन भएको पार्चमेन्टलाई ग्रेड B मानिनेछ ।)

<u>ड्राइ चेरी कफी</u>

ग्रेड A रू २८०।- प्रति केजी *(नोटः ग्रेड A गुणस्तरको फ्रेस चेरीबाट उत्पादन भएको ड्राइ चेरीलाई ग्रेड A मानिनेछ ।)*

ग्रेड B रू २४७।- प्रति केजी *(नोटः ग्रेड B गुणस्तरको फ्रेस चेरीबाट उत्पादन भएको ड्राइ चेरीलाई ग्रेड B मानिनेछ ।)*

**विभिन्न वर्षहरूमा तोकिएको कफीको न्युनतम सहमत मूल्य**

| प्रकार | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| फ्रेश चेरी A | ८० | ८३ | ८३ | ८५ | ८५ | ९० | ९० | ९५ | १०० | १०५ | १०५ |
| फ्रेश चेरी B | ७५ | ७८ | ७८ | ८० | ७५ | ८० | ८० | ८५ | ९० | ९५ | ९५ |
| पार्चमेन्ट A | ४०० | ४१५ | ४१५ | ४२५ | ४२५ | ४५० | ४५० | ४७५ | ५०० | ५३५ | ५३५ |
| पार्चमेन्ट B | ३७५ | ४०० | ४०० | ४१० | ३७५ | ३९७ | ३९७ | ४२० | ४५० | ४८२ | ४८२ |
| ड्राइचेरी A | १४० | १४० | १४० | १४० | १४० | १४८ | १४८ | १७० | २०० | २८० | २८० |
| ड्राइचेरी B | १०० | १०० | १०० | १०० | ९० | ९५ | ९५ | ११५ | १५० | २४७ | २४७ |


***Source:*** *NTCDB*


**फाइन्द्र राज पाण्डे**

**कार्यकारी निर्देशक**

# तथ्याङ्कमा कफी

| Fiscal Year | Plantation (ha) | Green bean Production (MT) | Export Qty (Kg) | Export Value (Rs. ,000) | Import Qty (Kg) | Import Value (Rs. ,000) |
|---|---|---|---|---|---|---|
| 2070/71 | 1911 | 429.4 | 66,187 | 52,207 | 64,316 | 35,921 |
| 2071/72 | 2381 | 463.6 | 99,594 | 99,176 | 108,844 | 54,748 |
| 2072/73 | 2618 | 434 | 111,168 | 107,901 | 105,037 | 55,541 |
| 2073/74 | 2646 | 466 | 94,604 | 84,539 | 99,364 | 50,402 |
| 2074/75 | 2650 | 513 | 84,219 | 93,725 | 163,377 | 65,892 |
| 2075/76 | 2761 | 530 | 84,131 | 99,616 | 1,262,409 | 98,014 |
| 2076/77 | 1891 | 273 | 46,892 | 57,728 | 266,171 | 118,849 |
| 2077/078 | 3052 | 314.5 | 72,388 | 96,003 | 198,666 | 106,721 |
| 2078/079 | 3343 | 354.9 | 69,510 | 117,085 | 279,820 | 127,590 |
| 2079/080 | 3655 | 394.4 | 77,860 | 130,449 | 450,300 | 325,866 |
| 2080/081 | 4309 | 501.3 | 88,856 | 149,251 | 443000 | 419,800 |
| 2081/082 | 5501.1 | 641.9 | 63,998 | 114,370 | 203,326 | 144,120 |






***Source:*** *NTCDB, Department of Customs, NCPA, CCCUL*